

के तपाईको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २६ गते मंगलबार ❑ 12 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## उत्पादनलाई पर्यटन संग जोड्यौ भने मुलुक अगाडि बढ्छ : धनराज गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाल सरकारका कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले उत्पादनलाई पर्यटन सङ्ग जोडियो भने मुलुकको विकास हुने बताएका छन् । सोमबार पर्यटन विकास महिला संघ (टेवान) ले आयोजना गरेको तीज सांस्कृतिक महोत्सवको पोखरामा उद्घाटन गर्दै मन्त्री गुरुङले यस्तो बताएका हुन् ।



तीज मनाउने तरिका बद्लिएको र परिस्कृत ढंग बाट तीज मनाउने प्रयास टेवानले गरेको भनाई उनको छ । तीजलाई स्थानीय उत्पादन सङ्ग जोड्ने प्रयास सह्रानिय भएको उनले उल्लेख गरे । "तीज पर्वलाई केवल रमाइलो पर्वका रुपमा भन्दा पनि स्थानीय उत्पादन सङ्ग पनि जोड्ने उद्देश्य सहित कार्यक्रमको आयोजना गरिएको रहेछ, खुशी लाग्यो । पर्यटन विकासको आधार नै अब स्थानीय उत्पादन हो ।", उनले भने । तीजमा विकृति आए पनि यसको सुधार हुनुपर्ने विषयलाई उनले औंल्याए । महिला दिदीबहिनी पुरुषको बैशाखी नभई मुलुककै नेतृत्व गर्ने बाटोमा अग्रसर हुनुपर्ने उनले बताए । पुरुष पानी माथिको ओभानो भएर समाज परिवर्तन नहुने तर्क उनको छ । बद्लिएको समाजमा नबद्लिएको विषय बदल्नुपर्ने आवश्यक्ता रहेको उनले बताए । गण्डकी प्रदेशकी सांसद सरस्वती गुरुङले हिमाल, पहाड र तराइलाई पोखरामा भएको तीज सांस्कृतिक महोत्सवले जोडेको बताइन । विविध समस्याले जगडेको पर्यटनलाई माथि उठाउन सांस्कृतिक कार्यक्रम मार्फत दिदीबहिनी लागेको देख्दा खुशी लागेको अभिव्यक्ती उनको छ । यस्ता कार्यक्रमले गाउँगाउँका उत्पादनलाई बजारसङ्ग जोड्न मदत पुग्ने भनाई उनको छ ।

पर्यटन परिषदका महासचिव संजयकान्त सिग्देलले पोखराको पर्यटन विकासमा सबै पक्ष एक भएर लाग्नुपर्ने उल्लेख गरेका छन् । अन्तर्राष्ट्रिय विमान स्थल निर्माण भएता पनि उडान हुन नसक्नु दुर्भाग्य भएको उनले बताए । छिमेकी राष्ट्र सङ्गको समन्वयमा छिटो भन्दा छिटो अन्तर्राष्ट्रिय उडान गर्न सके पर्यटन क्षेत्रमा सुधार हुने भनाइ उनको छ । पोखरादेखि मुग्लिनसम्मको सडक निर्माणमा ढिलाई हुँदा यहाँका पर्यटन व्यवसायी मर्कामा परेको उनले बताए । सरकारले नै इनिसियसन लिएर फास्ट ट्र्याकमा काम गर्नुपर्ने वातावरण मिलाउनु पर्ने आवश्यक्तालाई उनले औंल्याएकाछन । २०३५ सालको पर्यटन ऐन संशोधन गरि नयाँ पर्यटन ऐन ल्याउनुपर्ने उनले बताए । पोखरा महानगरपालिका वडा नं. ६ का वडाध्यक्ष विष्णु भट्टराईले तीज पर्वमा मौलिकताको खांचो भएको बताए । मौलिकता जोगाउन आयोजना गरिएको तीज सांस्कृतिक महोत्सवले पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास उनले लिएका छन् ।

टेवानकी अध्यक्ष कमला गिरीले पहिलो संस्करणको कार्यक्रम भएकाले कमीकमजोरी हुन सक्ने र आगामी दिनमा सुधार गर्दै लैजाने बताइन । भदौ २५ देखि २७ गते सम्म कोमागाने पार्क लेकसाइडमा हुने तीज सांस्कृतिक महोत्सवलाई सफल पार्न पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद लगायत पर्यटन सम्बद्ध संघ संस्थाहरुको सहयोग प्राप्त भएको जानकारी गराइन । कार्यक्रममा प्रभातफेरी र्यालीको समेत आयोजना गरिएको थियो । जहाँ गण्डकी प्रदेशका महिलाहरुको बाक्लो सहभागिता देखिन्थ्यो । सांस्कृतिक महोत्सवमा प्रदेशका विभिन्न जिल्लाबाट आएका स्थानीय उत्पादनको प्रदर्शन गरिएको छ ।

## जिल्ला समन्वय समिति कास्कीद्वारा कार्यालयहरूको वार्षिक समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

जिल्ला समन्वय समिति कास्कीले गुनासो तथा उजुरी डेस्क स्थापना गर्ने भएको छ ।

कास्कीका स्थानीय तहमा संचालित विकास आयोजना तथा विभिन्न कार्यालय र स्थानिय तहका काम प्रभावकारी बनाउन तथा जनता र सेवाग्राहीका गुनासा समयमा ब्यबस्थापन गर्न गुनासो डेस्क स्थापना गर्न लागिएको प्रमुख लिलाधर पौडेलले बताउनुभयो । कास्कीका बिकास आयोजनामा हुन सक्ने संभाबित कमिकमजोरीलाई न्यूनीकरण गर्दै गुणस्तर कायम गर्न छिट्टै सो डेस्क स्थापना गर्छौं । सो डेस्क मार्फत कास्कीका सेवाग्राहीहरूले सेवा प्राप्त गर्दा भोग्नु परेका कठिनाइ र बिकास आयोजनाका राम्रा नराम्रा सबैखाले प्रतिक्रिया र सुझाव विभिन्न माध्यमबाट



लिखित ,मौखिक र विद्युतीय रूपमा प्रदान गर्ने ब्यबस्था गर्नेछौं प्रमुख पौडेलले उल्लेख गर्नुभयो । पौडेलले सो कुरा जिल्ला समन्वय समिति कास्कीको आयोजनामा आर्थिक बर्ष २०७९-८० को बार्षिक कार्यक्रमको समिक्षा तथा आर्थिक बर्ष २०८०-८१ को बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन तालिका सम्बन्धि तीन दिने समिक्षात्मक कार्यक्रमको उद्धाटन गर्दै बताउनुभएको हो। पौडेलले सुसासन बिना बिकास संभब नहुने र बिकास बिना समृद्धि संभब नभएको हुँदा देश र जनताको समृद्धिका खातिर हर तवरबाट सबै पक्ष लाग्नुको विकल्प नभएको उल्लेख गर्नुभयो । बिकासका लागि छुट्याइएको बजेट पूर्णरूपमा उपयोग होस। कहिँ कतै ढिलासुस्ती र अनियमितता भएको देख्न सुन्न नपर्ने गरि कास्कीका कार्यालय प्रमुख र राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधि सबैले समन्वयात्मक तवरले काम गरौं । प्रमुख पौडेलले उल्लेख गर्नुभयो ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## छ सय ७५ सैन्य शिक्षार्थी दीक्षित

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटरको जिम्मेवारी क्षेत्रमा सोमबार छ सय ७५ जना सैन्य शिक्षार्थी दीक्षित भएका छन् ।

विसं २०७९ मङ्सिर १ गतेदेखि ३६ हप्ताको सैन्य तालिम पूरा गरेका उनीहरुलाई आज पृतनाअन्तर्गतका विभिन्न आठ वटा युनिटमा दीक्षित गरिएको हो ।

तालिममा ईश्वर दर्जी सैद्धान्तिक तथा व्यावहारिक सबैतर्फ सर्वोत्कृष्ट बन्नुभयो । उक्त अवसरमा दर्जीसहित विभिन्न विधामा प्रथम हुने शारीरिक तन्दुरुस्तीतर्फ बादल गुरुङ, बाधा पारतर्फ नारायण विक, फायरिङतर्फ अशोक थापा, ड्रिलतर्फ विशाल अधिकारीलाई पश्चिम पृतनापति उपरथी दीपककुमार बानियाँले पुरस्कृत गर्नुभएको थियो ।

कार्यक्रममा पृतनापति बानियाँले नेपाली सेनाको सिपाही दर्जामा नियुक्त सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्दै भन्नुभयो, "राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको संरक्षणका लागि प्रतिबद्ध नेपाली सेनाको मूलभूत दायित्वलाई मनन गरी आवश्यक परेको बेलामा राष्ट्र र जनताका लागि प्राणको आहुति दिनसमेत पछि नपर्ने प्रण गर्नु एक सैनिकको धर्म हो ।" सीमित स्रोत र साधनका बाबजुद नेपाली सेनाले आफ्ना सकलदर्जालाई उच्चस्तरीय तालिम प्रदान गर्दै आइरहेको बताउँदै उहाँले आधारभूत तालिम सैनिक जीवनको सुरुआत भएको बताउनुभयो ।

तालिमबाट शारीरिक, मानसिक र नैतिक साहस प्राप्त हुने बताउँदै उहाँले यसले आत्मविश्वासी एवं पेशाप्रति थप कटिबद्ध बनाउने धारणा राख्नुभयो । उक्त अवसरमा तालिमप्राप्त सैन्य जवानबाट कवाज प्रदर्शन गरिएको थियो ।

## १४ मत अन्तरले लेखनाथ उद्योग वाणिज्य संघको अध्यक्षमा श्रेष्ठ विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

लेखनाथ उद्योग बाणिज्य संघको अध्यक्षमा विनोद श्रेष्ठ विजयी हुनु भएको छ ।



संघको आइतबार राति सम्पन्न भएको मतगणनामा श्रेष्ठले आफ्ना निकटतम प्रतिद्धोन्दी भरतकुमार अधिकारीलाई ९४ मतको अन्तरले पछि पार्दै दुई बर्षीय कार्यकालको लागि अध्यक्षमा विजयी हुनु भएको हो । श्रेष्ठले ८ सय ८१ मत ल्याउदा अधिकारीले भने ७ सय ८७ मत ल्याउनु भएको थियो ।

त्यसै गरी बरिष्ठ उपाध्यक्षमा राजेन्दै ओझा बिजयी हुनु भएको छ । ओझाले ९ सय ७० मत ल्याउदा उहाँका प्रतिष्प्रर्धी ऋषिराम जमरकट्टेलले ६ सय ९० मत ल्याउनु भयो । प्रथम उपाध्यक्षमा उपेन्द्रराज सुवेदी (राजु)ले ८ सय ९६ मत ल्याउदै विजयी हुनु भयो भने उहाँका प्रतिद्धोन्दी गोपिचन्द्र बास्तोलाले भने ७ सय ७४ मत ल्याउनु भएको थियो । संघको द्धित्तीय उपाध्यक्षमा विक्रम कर्माचार्यले ६ मतको झिनो अन्तरले विजयी हुनु भयो। प्रतिष्पर्धी मेनुका श्रेष्ठलाई पराजित गरी कर्माचार्यले ८ सय ३७ मत प्राप्त गर्दा श्रेष्ठले ८ सय ३१ मत प्राप्त गर्नु भएको थियो । महासचिव पदमा संघको ईतिहासमै पहिलो पटक महिला पदाधिकारी बनेर ईतिहास रच्न सफल जानुका अधिकारी पराजुलीले यस पटक पनि पुनः विजयी हुदै महासचिवमा विजयी हुनु भयो । उहाँले १ सय ७७ मतको फराकिलो मतको अन्तरले प्रतिद्धन्दी जिवन तिवारीलाई पराजित गर्नु भयो। पराजुलीले ९ सय २९ मत ल्याउँदा तिवारीले ७ सय मत प्राप्त गर्नु भएको थियो ।

यस्तै उप-महासचिव पदमा भरतराज ओझाले ९ सय १२ मत ल्याउँदै भिम बहादुर सार्की (काइला) लाई १ सय ६० मतको फराकीलो अन्तरले पराजित गर्नु भयो । काईलाले ७ सय ५२ मत ल्याउँदा ओझाले ९ सय १२ मत प्राप्त गर्नु भएको थियो । कोषाध्यक्षमा ध्रुव बाबु भट्टराईले ८ सय ३७ मत ल्याउँदै प्रतिद्धन्दी पुष्पमणी भण्डारीलाई २० मतको अन्तरले पराजित गर्नु भएको छ । भण्डारीले ८ सय १७ मत प्राप्त गर्नु भएको हो । संघको २ महिला सदस्यको लागि भएको मतदानमा प्रतिक्षा रानाभाट र प्रभा कुमारी पौडेलले विजयी हुनु भएको छ । संघको खुल्ला सदस्यहरुमा अर्जुन भण्डारी, भरत थापा, गंगा कुमारी मल्ल, हरि बस्ताकोटी भविन्द्र पुन, ई.बिजय न्यौपाने, खेमराज बराल, लक्ष्मीप्रसाद ढुंगना(एल.पी.) र टिकाराम सापकोटा विजयी हुनु भएको हो । संघको ८ खुल्ला सदस्य पदका लागी १६ जनाको उम्मेद्वारी दिनु भएको निर्वाचन आयुक्त खगेन्द्र राज आचार्यले बताउनु भयो ।

त्यसै गरी संघको विशिष्ट सदस्यमा नेत्रपाणी बास्तोला, मनोनित सदस्यमा माधव तिवारी र दयाराज भण्डारी, आमन्त्रित सदस्यमा रामप्रसाद गुरुङ र सल्लाहकार हरुमा रामजी प्रसाद पौडेल, मेघराज पौडेल, धिरजकुमार श्रेष्ठ र सन्ध्या दाहाल चयन हुनु भएको छ । उक्त निर्वाचनमा दुई प्यानलमा विभाजित भएको बताइन्छ । संघमा रहेका २० पदमध्ये १९ पदका लागी ३६ जना उम्मेद्वारहरु चुनावी मैदानमा हुनु भएको थियो भने संघमा १ हजार ८ सय ६६ जना मतदाता रहनु भएको थियो । जसमध्ये महिला मतदाताको संख्या ६ सय १० रहेको छ । शनिबार सम्पन्न मतदानमा १ हजार ७ सय ११ मत खसेको थियो भने कुल १ हजार ८ सय ६६ मतदातामध्ये ९१.६९ प्रतिशत मत खसेको हो ।


**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- ◆पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं ।
- ◆पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- ◆ खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- ◆पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- ◆घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दिनमा लाखौं खर्च गर्ने पर्यटक पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

कोरोना पछि हाल आर्थिक मन्दीले प्रभावित भएको विश्व परिवेसकै अबस्थामा पनि दैनिक एक लाख ५० हजार भन्दा बढी खर्च गर्ने पर्यटक पोखरा आएका छन् । नेपालको परिवेसमा सायद सुन्दा अच्चम्म लाग्न सक्छ तर विदेशी पर्यटकहरुको हकमा एक दिनमा डेढ देखि दुई लाख रुपैयासम्म खर्च गर्न सक्ने पर्यटक पोखरा तथा नेपालमा आउने गरेका छन् ।

नेपालको पर्यटन क्षेत्रमा ३ दशक भन्दा बढी लामो समय काम गर्नु भएका हेमन्तराज कक्षपति र डम्मर प्रधानको नेतृत्वले यस्ता खर्चिला पर्यटकको एक टोली पछिल्लो समयमा नेपाल भित्राउनु भएको हो । अमेरीकन ४१ जना पर्यटकहरुको टोलीको नेतृत्व गर्नु भएको कक्षपति र प्रधानले पोखरामा केही सहासिक खेलगतिविधिमा पर्यटकहरुलाई सहभागि गराउदै शनिबार पोखराबाट भुटान प्रस्थान गर्नु भएको छ। यतिज होरिडेज नामक संस्थामा नेपालको गुणस्तरिय पर्यटक भित्राउने अभियानमा आफुहरु झण्डै एक दशक देखि लाग्दै आएको उहाँहरुको भनाई रहेको छ । चारदिन भ्रमणको लागि नेपाल आएको उक्त टोलीले काठमाण्डौं देखि कुरीनटारमा र्याफ्टीङ गर्दै पोखरामा सहासिक खेल प्याराग्लाईडिङ, जिप लाइन गर्नु भएको थियो । टोलीले हेलिकोप्टर मार्फत माउण्टेन फ्लाइट मात्र गरेनन सगरमाथा आधार शिविर जाने बाटोमा पर्ने स्याङ्वोचे नजिकको पौदेमा हेलिकोप्टर मार्फत ब्रेक फाष्ट समेत गराएको थियो । टोलीले भक्तपुरमा एक रात गाईजात्राको रौनक समेत अवलोकन गर्ने अवसर प्राप्त गरेको कक्षपति बताउनु भयो । त्यसै गरी टोलीले लाजिमटार देखि कुरीनटारसम्मको करिब साँढे दुई घण्टाको र्याफ्टीङ समेत गरेको थियो ।

र्याफ्टीङ गर्न जादा समेत ७ वटा हेलिकोप्टर प्रयोग गरिएको उहँले बताउनु भयो । टोलीले प्रतिकुल मौसमका कारण पोखरामा अल्ट्रालाइट र मौसम समेत शनिबार राम्रोसंग खुल्न नसक्दा हिमश्रृखलाको अवलोकन गर्न पाउनु भएन् । पोखरामा गुणस्तरिय खर्चीला पर्यटक ल्याउने बताउदै कोलाक्षपतीले आफुहरुले बार्षिक रुपमा अमेरीका तथा यूरोप एवं एसियन मुलुकका अति नै खर्च गर्न सक्ने पर्यटकहरुको समुहलाई चार्टर्ड मार्फत नेपाल ल्याउने गरेको बताउनु भयो । पोखरा सहित ४ दिनको बसाई पश्चात भुटानको डुक एयरबाट भुटान प्रस्थान गरेको उक्त टोलीले नेपालमा ४ दीनको बसाईमा चार्टर्ड बाहेक मात्र करिब २ करोड ५० लाख खर्च गरेको कक्षपति दाबी गर्नु भयो। आफुहरुसंग निकै गुणस्तरिय पर्यटकहरु नेपालका नयाँ र पर्यटकीय गन्तव्यमा आउन चाहेको उहाँले बताउनु भयो । उक्त टोलीलाई शनिबार पोखरामा पोखरा पर्यटन परिषदको अगुवाईमा बिदाई समेत गरिएको थियो । गण्डकी प्रदेश सरकारका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र बहादुर थापा, पोखराका मेयर धनराज आचार्य, परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ, मन्त्रालयका सचिव कुलमान गुरुङले टोलीलाई बिदाई गरेको परिषदका महासचिव संजयकान्त सिग्देलले बताउनु भयो ।

# मनाङमा सचेतनाका लागि मैत्रीपूर्ण फुटबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

हिमालपारीको जिल्ला मनाङमा हिउँ चितुवा संरक्षण र जलवायु परिवर्तन सम्बन्धि जनचेतनाका लागि हिमाली जिल्ला मनाङको लेक लाग्ने (हाइअल्टिच्युट) स्थानमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता सुरु भएको छ।

मनाङको चामे गाउँपालिका-१ तिमाङ खेल मैदानमा आज भएको खेलमा हिमालयन स्नो लियोप्याडले स्थानीय क्लब काजिनसरा याक लाई ४-३ गोल गरेको छ । दोस्रो दिन पिसाङमा र तेस्रो दिन मुङ्जी भ्राकामा प्रतिस्पर्धा हुनेछ। वन्यजन्तु संरक्षण गर्नलाई खेलको माध्यमबाट अभिप्रेरित गर्ने लक्ष्य लिइएको छ। जलवायु परिवर्तनका कारण धेरै समस्या देखा पर्न थालेपछि मनाङका स्थानीयले खेलको माध्यमबाट जनचेतना प्रदान गर्नका लागि मैत्रीपूर्ण फुटबल प्रतियोगिता गरिएको नमस्ते टुर्सका सञ्चालक एवं पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले बताउनु भयो । उहाँका अनुसार हिमाललाई सन्तुलनमा राख्न भूमिका खेल्ने उद्देश्यले हिउँ चितुवाको बासस्थान जलवायु परिवर्तनले प्रभाव पर्दा लोप हुने अवस्थामा रहेकाले चितुवा संरक्षण र जलवायु परिवर्तन सम्बन्धि सचेतना फैलाउन खेलको माध्यमबाट प्रचारप्रसार गर्न लागिएको हो । समुद्री सतहबाट दुई हजार नौ सय मिटर उचाईमा हिउँ चितुवा र याक संरक्षण गर्ने उद्देश्यले भदौ २५ देखि २७ गतेसम्म सञ्चालन हुने उहाँले बताउनु भयो ।

बायोकोषका निर्देशक पारस विक्रम सिंहले मानव तथा वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरणमा चासोका साथ प्रकृतिको संरक्षणलाई सम्मान गर्दै स्थानीय समक्ष लोपोन्मुख हिउँ चितुवा लगायतका वन्यजन्तुको संरक्षणमा जनचेतना जगाउन कार्यक्रमले भूमिका अपेक्षा गरिएको बताउनु भयो ।

एन्ट फाउण्डेसन, वाइल्ड फ्रि र बायोकोसद्वारा मैत्रीपूर्ण फुटबल आयोजना गरिएको हो । मनाङको तिमाङ, पिसाङ र मुङजी मैदानमा हरि खड्का, अनिल गुरुङ, निरु थापा, अस्मिता रान्पाल, सीता तामाङ, उपेन्द्रमान सिंह लगायतका खेलाडीहरुले हाइअल्टिच्युटमा रहेको मैदानमा खेल्नु भएको हो। प्रतियोगितामा मिस नेपाल वर्ल्ड २०२३ श्रीच्छा प्रधान फुटबल खेल्नु भएको छ। कोरियोग्राफर तथा मोडल एवं एन्ट फाउन्डेसनका निर्देशक प्रशान्त ताम्राकारले हिमाली क्षेत्रका लोपोन्मुख जनावरको संरक्षणका निम्ति मैत्रीपूर्ण खेलमार्फत सचेतना प्रदान गर्न प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार कलाकार, खेलाडी र स्थानीय खेलाडी बीच मैत्रीपूर्ण फुटबल सुरु भएको हो ।

# तनहुँका आठ स्थानीय तहमा हेलिप्याड

**पोखरापत्र संवाददाता**
दमौली, २५ भदौं

तनहुँका १० स्थानीय तहमध्ये आठ स्थानीय तहमा हेलिप्याड बनाइएको छ। विपद् व्यवस्थापन र खोज उद्धार कार्यको स्थानीय आवश्यकता परिपूर्ति गर्नका लागि १० स्थानीय तहमध्ये आठ स्थानीय तहमा हेलिप्याड निर्माण गरिएको हो ।

ठूलो विपद्का घटना भएमा स्थानीय जनतामा सजिलैसँग खाद्यान्न, लत्ताकपडा, औषधि, उपचार सामग्री पुऱ्याउन हेलिकप्टर अवतरण गर्नसक्ने गरी हेलिप्याड निर्माण गरिएको विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जानकारी दिनुभयो। विपद्का बेला तत्कालै सम्बन्धित ठाउँमा पुगेर उद्धार तथा व्यवस्थापन सहज बनाउन हेलिप्याड निर्माण गरिएको प्रजिअ रिजालले जानकारी दिनुभयो । प्रशासन कार्यालयले तयार गरेको विपद् प्रतिकार्य योजनामा उल्लेख भएअनुसार ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिकामा हेलिप्याड छैन। अन्य आठ स्थानीय तहका ३८ ठाउँमा हेलिप्याड छन् ।

व्यास नगरपालिकामा छ, भानु नगरपालिकामा सात, भिमाद नगरपालिकामा एक, शुक्लागण्डकी नगरपालिकामा एक, देवघाट गाउँपालिकामा आठ, आँबुखैरेनी गाउँपालिकामा एक, बन्दीपुर गाउँपालिकामा १३ र घिरिङ गाउँपालिकामा एक हेलिप्याड रहेको छ।

आँबुखैरेनी गाउँपालिका-२ को ढकालटार, भिमाद नगरपालिका-६ रङ्गशाला, देवघाट गाउँपालिका-१ को कोटा, वडा नं २ को कोटबैदी, ५ को क्युदी र १ को तिङ्गारमा हेलिप्याड बनाइएको छ । व्यास नगरपालिका-१ को निर्मल माविको खेल मैदान, ३ को दमौली खेल मैदान, ५ को आर्मी ब्यारेक, १२ को कोटकालिका मन्दिर, १४ को केशवटार माविको मैदान र ठीन टुँडिखेलमा हेलिप्याड छ। भानु नगरपालिका-१ र ५ मा हेलिप्याड छ। बन्दीपुर गाउँपालिका-१ को बानियाँटार, विष्णु मावि, छाप खेल मैदान, २ को भुमर्से खेल मैदान, ३ को कालिका मावि, शिव मावि, ४ को टुँडिखेल, ५ को विमलनगर, झारगाउँ खेल मैदान, कल्चोक खेल मैदान, ६ को धरमपानी र साराङघाटमा हेलिप्याड बनाइएको छ । घिरिङ गाउँपालिका-३ को डाँडाथोक करङसोरा, शुक्लागण्डकी नगरपालिका-७ को श्री नं ३ बाहिनी अड्डामा हेलिप्याड बनाइएको छ । जिल्लाका अधिकांश स्थानीय तहमा आश्रयस्थल छैन । सात स्थानीय तहमा आश्रयस्थल नरहेको र त्यस्ता ठाउँमा आकस्मिक अवस्थामा सामुदायिक भवन तथा विद्यालय प्रयोग गर्न सकिने सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो। व्यास नगरपालिका,भिमादनगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपाालकामा आश्रयस्थल नरहेको प्रशासन कार्यालयले जनाएको छ। भानु नगरपालिकामा पाँच, देवघाट गाउँपालिकामा तीन र बन्दीपुर गाउँपालिकाका छ ठाउँमा आश्रयस्थल रहेका छन् । सहायक प्रजिअ गैरेले भन्नुभयो, “अधिकांश स्थानीय तहमा आश्रयस्थल नरहेका तर ती स्थानीय तहमा सामुदायिक भवन विद्यालयलाई आश्रयस्थलका रुपमा प्रयोग गर्न सकिनेछ ।” जिल्लाका अधिकांश स्थानीय तहमा आपतकालीन आश्रस्थल भने छन् ।

व्यास नगरपालिकामा दश, भानु नगरपालिकामा २०, भिमाद नगरपालिकामा चार, शुक्लागण्डकी नगरपालिकामा १२, देवघाट गाउँपालिकामा चार, आँबुखैरेनी गाउँपालिकामा चार, बन्दीपुर गाउँपालिकामा छ, ऋषिङ गाउँपालिकामा पाँच र म्याग्दे गाउँपालिकामा आठ ठाउँमा आपतकालीन आश्रस्थल रहेका छन् ।

# पोखरा १५ मा वडा स्तरीय वक्तृत्वकलामा एसओएसका सचेत प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं



पोखरा वडा नं. १५ स्तरीय वक्तृत्वकला प्रतियोगितामा एसओएस स्कूलका सचेत सुवेदी प्रथम भएका छन् ।

यस्तै, सेन्ट मेरिजकी छात्रा आयष्मा सुवेदी द्वितीय र गोल्डेन फ्युचरकी रिजा भण्डारी तृतीय भइन् । रेन्बो एकेडेमीकी स्विकृति भण्डारी र सिद्ध माविकी मनिषा बिकले सान्त्वना स्थान प्राप्त गरे । विजेताहरुले क्रमशः १० हजार, ८ हजार, ६ हजार र ३/३ हजार पुरस्कार प्राप्त गरे । वक्तृत्वकला प्रतियोगिताको निर्णायकमा शंकर ज्ञवाली, विष्णु पौडेल, खगिशरा अधिकारी रहेका थिए ।

राष्ट्रिय बालदिवसको अवसरमा बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी नाराका साथ पोखरा महानगरपालिका वडा नं. १५ को आयोजनामा बालहितकारी परियोजना नेपाल, राईट फर चिल्ड्रेन र थ्री एञ्जल्स नेपालको प्रायोजनमा बालबालिकाको क्षमता विकास गर्ने उद्देश्यले यो प्रतियोगिता आयोजना गरिएको जनाएको छ । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले बालबालिकाको अन्तर्निहित क्षमताको विकासका लागि यस्ता सिर्जनात्मक कार्यक्रम सञ्चालन हुनुपर्ने बताइन् । ‘नयाँ पुस्ता प्रगतिशील छ । अपडेटेड छन् । चेतनाको विकास पनि पुस्तान्तरसँगै फैलँदो छ ।’ उनले भनिन् - ‘बालबालिका संस्कारयुक्त हुनुपर्छ । आफ्नो देश, समाज बुझ्नुपर्छ। यो पुस्ताले अनेक अवसर पाएको छ । भविष्य उज्ज्वल छ ।’

पोखरा १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले वडामा महिला, बालबालिका, युवाका लागि वडा सधैं क्रियाशील रहेको बताए । वडामा विभिन्न तालिम तथा प्रशिक्षण, स्वास्थ्य शिविर, सीप विकासका लागि तालिमहरु वडाले प्रदान गरिरहेको छ ।

# जिल्ला ...

उहाँले चालु आर्थिक बर्षको कार्यसम्पादन योजना सहित अगाडी बढ्न क्यालेन्डर नै निर्माण गरि चरणबद्ध काम गर्न आग्रह गर्नुभयो ।

सो अबसरमा सोमबार रूपाताल संरक्षण एकीकृत बिकास परियोजना, खानेपानी तथा ढल निकास आयोजना पोखरा, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जा, संघीय आयोजना कार्यान्वयन इकाई, स्थानीय पूर्बाधार बिकास आयोजना कार्यालय, सडक डिभिजन पोखरा, पुष्पलाल मध्य पहाडी सडक आयोजना, मुग्लिङ पोखरा सडक योजना पश्चिम खण्ड,पूल सेक्टर पोखरा र संघीय पूर्बाधार बिकास कार्यालय लगायतले बार्षिक समिक्षा सहित बजेट कार्यान्वयन तालिका प्रस्तुत गरेको जिल्ला समन्वय अधिकारी नबराज बराललले जानकारी दिनुभयो ।

जि.स.स.कास्कीले बार्षिक कार्ययोजना निर्माण गरेर सोही मुताबिक आयोजना गरेको उक्त कार्यक्रम सोमबारदेखि शुरु भएर तिन दिनसम्म संचालन हुनेछ। प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न उद्धाटन कार्यक्रममा स्वागत उप - प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नबराज बराललले गर्नुभएको सूचना अधिकारी झबिश्वर रेग्मीले जानकारी दिनुभयो ।

# सूर्यदर्शन सहकारीका कोषाध्यक्ष रम्तेल पक्राउ


**रासस**
काठमाडौं, २५ भदौं

प्रहरीले पोखरा बागलुङ बसपार्कस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष ललितपुर गोदावारी नगरपालिका-४ बस्ने ४२ वर्षीय कुमार रम्तेललाई आज ललितपुर महानगरपालिका-१४ कुमारीपाटीबाट पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको समन्वयमा कास्की प्रहरीको टोलीले रम्तेललाई केही समयअघि काठमाडौंबाट पक्राउ गरेको केन्द्रीय प्रहरी प्रवक्ता तथा नायब महानिरीक्षक कुबेर कडायतले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार कोषाध्यक्ष रम्तेलविरुद्ध जिल्ला अदालत कास्कीबाट पक्राउ अनुमति जारी भएअनुसार पक्राउ गरिएको हो ।

सूर्यदर्शन सहकारीका सञ्चालकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय पोखरामा नौ सय ७१ जना बचतकर्ताहरूले रकम हिनामिना गरेको भन्दै उजुरी दिएको प्रहरीले जनाएको छ ।

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ठेक्का सम्झौता भएको चार वर्षसम्म पुल निर्माण सुरु नै भएन

**रासस**
म्याग्दी, २५ भदौं

म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकाको सिमाना भएर बग्ने दाङखोलामा पक्की पुल बनाउन ठेक्का सम्झौता भएको चार वर्षसम्म पनि काम सुरुआत भएको छैन् । मालिका गाउँपालिकाको केन्द्र दरबाङबजारदेखि धवलागिरि गाउँपालिकाको धारापानी-ताकम हुँदै मुना जोड्ने सडक अन्तर्गत फेदीस्थित दाङखोलामा मोटरेबल पुल बनाउन विसं २०७६ जेठ २२ गते ठेक्का सम्झौता भएको थियो ।

मालिकाको ५ र धवलागिरिको ७ नम्बर वडाको सिमानामा पर्ने फेदीमा १८ मिटर लामो पुल बनाउन पूर्वाधार विकास कार्यालय म्याग्दी र इन्द्रेणी-फेवा जेभी पोखराबीच रु एक करोड ९३ लाखमा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ जेठ ८ गते सम्झौताको म्याद सकिएको थियो ।

दोस्रो पटक थपिएको सम्झौताको म्याद आगामी मङ्सिरसम्म छ । पुल निर्माण सुरुनै नभएको धवलागिरि -७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो । "धवलागिरिको केन्द्रसहित पाँच वडालाई जोड्ने सडकमा नियमित यातायात सञ्चालनका लागि यो पुल आवश्यक छ," उहाँले भन्नुभयो "पुल बनेर यातायात सञ्चालन हुनुपर्ने समयसम्म पनि निर्माण सुरु हुन नसक्दा निराश भएका छौँ ।"फेदीमा धवलागिरि गाउँपालिकाले विस २०७५ मा अस्थायी मोटरेबल पुल बनाएर यातायात सञ्चालनको व्यवस्था मिलाएको छ । हरेकजसो बर्खामा बाढीले अस्थायी पुलपुर्ने र पन्छ्याएर यातायात सञ्चालन गर्ने गरिएको छ । फेदीको दाङखोलामा मोटरेबल पुल नहुँदा धवलागिरिको गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत गर्न समस्या भएको फेदीका बासिन्दा रिमप्रकाश थापाले बताउनुभयो । "पुल बनाउने हो भने बनाइहाल्नु पर्‍यो, नभएर नयाँ प्रक्रियाबाट निर्माण गर्नुपर्‍यो," उहाँले भन्नुभयो "ठेक्का कायमै रहने, पुल नबन्ने, जनताले दुःख पाउने भयो ।"२५ मेगावाट क्षमताको दरबाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधको डुबान क्षेत्रमा पुल निर्माणस्थल पर्ने भएपछि सम्झौतालगत्तै काम गर्न गएका निर्माण व्यवसायी फर्किएका थिए । जलविद्युत् आयोजनाको बाँध स्थानानान्तरण भएपछि पुल निर्माण सुरु गर्ने तयारी गरेको अवस्थामा विसं २०७७ असारमा आएको बाढीले निर्माणस्थललाई क्षतविक्षत् बनाएपछि पुन सर्वक्षण गरिएको थियो । पूर्वाधार विकास कार्यालयका अनुसार विपद्को जोखिमका कारण पुलको दुरी बढेर २५ मिटरको हुने भएपछि डिजाइन परिवर्तन र भेरिएसन अर्डर स्वीकृतिका लागि गत चैतमा गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पूर्वाधार विकास निर्देशनालयमा पेस गरेको थियो ।

कार्यालयका अनुसार काम नभएपछि ठेकेदारलाई पेस्की दिएको रु ३३ लाख धरौटीबाट तानिएको छ । पुरानो दररेट अनुसार काम गर्न नसक्ने भनेर व्यवसायीले काम गर्न मानेका छैनन् । इन्द्रेणी-फेवा जेभिका प्रतिनिधि राजेन्द्र पहारीले पाँच वर्षअघिको दररेटमा १८ मिटरको सम्झौता गरेर २५ मिटरको पुल बनाउन नसकिने बताउनुभयो । "ठेक्कालगत्तै निर्माणस्थलमा लगेको रड, सिमेन्ट, मिक्सर हराउँदा र दुई महिनासम्म मजदुरले काम गर्न नपाउँदा रु २५ लाख नोक्सानी भएको छ," उहाँले भन्नुभयो "पाँच वर्षको अन्तरमा भएको मूल्यवृद्धिले त्यसबेलाको दररेटले पुलको लम्बाइ बढेको भिओ स्वीकृत भए पनि धेरै अन्तर हुन्छ । यो न्यायोचित हुदैन् ।" गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले ठेकेदारले काम नगरे सम्झौता अन्त्य गरेर नयाँ प्रक्रियाबाट निर्माणको काम अघि बढाउन पूर्वाधार विकास निर्देशनालय र कार्यालयलाई निर्देशन दिएको बताउनुभयो । "हामी अधुरा र अलपत्र आयोजनाको संङ्ख्या शून्य बनाउनुपर्छ भनेर लागेका छौँ," उहाँले भन्नुभयो "दाङखोलाको पुल जस्ता आयोजनामा सहजीकरण गरेर ठेकेदारलाई काममा फर्काउन र काम नगरे ठेक्का तोडेर अघि बढ्न निर्देशन दिएका छौँ ।"

गत वैशाखमा प्रदेशभर अधुरा र अलपत्र आयोजनाको सङ्ख्या ४६ वटा रहेकोमा यसबीचमा २७ आयोजनाका निर्माण कम्पनी काममा फर्किसकेका उहाले बताउनुभयो ।

# नमुना आमा समुहको बैदामको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

नमुना आमा समुह पोखरा महानगर पालिका वडा नं -६ बैदामको १४ औ बार्षिक साधारण सभा सोमबार सम्मपन्न भएको छ । संस्थाको सम्पन्न साभारण सभामा जुना अधिकारीले रचना गरेको "बुहारीको बेदना" नामक म्युजिक भिडियो छायाङकन गरिएको थियो ।

अनुप अधिकारी द्धारा निर्देशन गरीएको भिडियोमा एरेन्जर बिनोद रसाइली र स्वर अध्यक्ष जुना अधिकारीको रहेका छ । संस्थाको साधारणको उद्घाटन गर्दै प्रमुख अतिथि एवंम पर्यटन ब्यवसायी तथा सल्लहकार नर्मला कडेलले वडा न- ६ रहेको १० वटा आमा समुह मध्य नमुना आमा समुह अरु भन्दा पृथक रहेको बताउनु भयो । संस्थाले समाज रहेका विकृति विसंगतिलाई न्युनिकरण गर्दै जनचेतना फैलाउन सहयोग गरेको र आफ्नो क्षेत्रमा सामाजिक उत्तरदायित्व अर्न्तरगत विभिन्न सामाजिक कार्य गरेको उलेख्य गरिन । सल्लाहकार गोमा ढकालले बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले वडा नं-६ लाई नेपालकै महत्वपूर्ण वडा बनाउने तर्फ आमाहरु एक भएर लाग्न आग्रह गरिन । महिलाहरुले आफुलाई चुला चौका मात्र



सिमित राख्न नहुनेमा जोड दिदै आर्थिक आर्जनका बाटोहरु रोज्न आग्रह गरिन ।

संस्थाका सल्लाहकार लिलाधर अधिकारीले समाज नमुना आमा समुहले पुराएको योगदानको चर्चा गर्दै स्थानिय स्तरमा आमा समुह बिना कुनै पनि कार्यक्रम सम्पन्न नहुने ठोकुवा गरे । पत्रकार तथा सल्लाहाकार गणेश पहारीले समुहले आफना सदस्यहरुको क्षमता अभिवृद्धि देखी आर्थिक स्तरमा वृद्धि हुने खालका कार्यक्रम ल्याउन समुहलाई सुझाब दिदै संचार क्षेत्र सधै समुहको साथमा रहेको बताए ।

अध्यक्ष जुना अधिकारीले समुहले आफ्नो क्षेत्र भित्र फोहोर मैला ब्यवस्थापन देखी कोभिड र डेङ्ग रोगको बारेका जनचेतना सहित प्रचा पम्पिलेट सहित घरदैलो गरेको स्मरण गर्दै, सदस्यहरुको क्षमता विकास गर्ने उद्देश्यले तालिम र अभिमुखीकरण कार्यक्रम गरेको जानकारी गराएकी थिइन । अगामि दिनहरुमा पनि सदस्यहरुको आर्थिक स्तर सुर्धान स्थानिय सरकार सगँ समन्वय गरि अगाडि बढने प्रतिबद्धता ब्यक्त गरीन । कार्यक्रममा समुहलाई सहयोग गर्ने नर्मला कडेल, रेखा लामिछाने र दुर्गा पौडेललाई प्रमाण पत्र सहित दोसल्लाले सम्मान गरिएको थियो ।

अध्यक्ष जुना अधिकारीको सभाअध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सकुन्तला अधिकारीले स्वागत मनतब्य राखेको कार्यक्रममा निर्वमान अध्यक्ष अम्बिका अधिकारी, सदस्य पबित्रा कडेल र सुजता लामिछाने लगाएतका बक्ताहरुले आफ्ना भनाई राखेका थिए । कार्यक्रममा सचिब अम्बिका पहारीले प्रस्तुत गरेको प्रगति प्रतिबेदन र कोषाअध्यक्ष हिरा तिमिल्सीना ले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभाले सर्वसर्म्मत पारित गरेको थियो ।

# कालीगण्डकी क्षेत्रबाट लोप हुँदै चिर कालिज

**ध्रुवसागर शर्मा**
रासस, २५ भदौं

म्याग्दीको कालीगण्डकी क्षेत्रको पश्चिमी भेगमा मात्र पाइने चिर कालिज लोप हुने स्थितिमा पुगेको छ । सीमित सङ्ख्या, निश्चित बासस्थान, न्यून प्रजनन क्षमता, बासस्थानको अभाव र अवैध चोरी सिकारीका कारण सरकारबाट संरक्षित पक्षी चिर कालिज लोप हुने स्थितिमा पुगेको हो ।

पाँच वर्षअघि त्रिभुवन विश्वविद्यालयमा एमएससी (प्राणीशास्त्र) विभागका केशव चोखालले एक वर्ष लगाएर म्याग्दीका विभिन्न ठाउँमा पुगेर गर्नुभएको अनुसन्धानबाट यहाँ करिब ६० चिर कालिज पाइएका थिए । उचित वातावरणको अभावका कारण अहिले ती चिर कालिज घटेका पाइएको उहाँले बताउनुभयो । चिर कालिजमा निरन्तर अनुसन्धान गर्दै आउनुभएका चोखालले यो पक्षी किसानको साथी भएको बताउनुभयो । चिर कालिजको बासस्थान धेरैजसो खेतीयोग्य जमिन नजिकै हुने हुँदा खेतीबालीमा लाग्ने कीरालाई यसले आहारा बनाउने र बाली नष्ट गर्नबाट जोगाउने गर्दछ । स्थानीयको गलत बुझाइका कारण चिर कालिजलाई मार्ने वा धपाउने गर्दा यो किसानको पनि प्रतिशोधको सिकार भएको उहाँको भनाइ छ । चिर कालिजको संरक्षणका लागि निरन्तर डिभिजन वन कार्यालयलाई अनुरोध गर्दा पनि कुनै सुनुवाइ नभएको उहाँले गुनासो राख्नुभयो । म्याग्दीको चिर कालिज संरक्षणका लागि समुदायमा सहभागितात्मक कार्यक्रम सुरु गर्नुपर्ने उहाँले बताउनुभयो । केही समयभित्र नै त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सहयोग र सहकार्यमा म्याग्दीमा चिर कालिजको अवस्थाबारे थप अध्ययन र स्थानीय समुदायलाई सहभागी गराएर समुदायसँग चिर कालिज संरक्षण कार्यक्रम सुरु गर्ने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

"चिर कालिज कालीगण्डकी नदीको पश्चिम क्षेत्रमा पाइन्छ, म्याग्दीमा पछिल्लो मेरो अध्ययन अनुसार डडुवा, थाइबाङ, हिदि, मुना, मुदी, खिबाङ लगायतका क्षेत्रमा रेकर्ड छ", अध्येता चोखालले भन्नुभयो "तर कालीगण्डकी क्षेत्रमा पर्ने दानाको काभ्रे भिर, थोरौँ र तातोपानीमा अत्यन्त कम रेकर्ड भएको छ ।" उहाँका अनुसार चैत वैशाखमा चिर कालिजको प्रजनन क्रिया सुरु हुन्छ । सोही समय जङ्गलमा डढेलो लाग्नुका साथै अन्य वातावरणीय असन्तुलनका समस्या देखिने हुँदा बर्सेनि दुर्लभ मानिएका चिर कालिज घट्दै जाँदा लोपोन्मुख अवस्थामा पुगेका हुन् । नेपाल प्रकृति संरक्षण कोष, साना स्तनधारी संरक्षण तथा अनुसन्धान संस्थान लगायतका संस्थाको सहयोगमा उहाँले लामो समय लगाएर चिर कालिजको अवस्था, बासस्थान, सङ्ख्या र लोप हुनाका कारणबारे अनुसन्धान गर्नुभएको छ ।

'क्याट्रस बालिचि' वैज्ञानिक नाम रहेको यस पक्षीलाई अंग्रेजीमा चिरफेजेन, नेपालीमा चिर कालिज र सुदूरपश्चिममा चेडु चराका नामले चिनिन्छ । साइटिस घोषणापत्र र आइयुसियन अन्तर्राष्ट्रिय संस्थाको 'आइ' सूचीमा राखिएको यो पक्षी नेपाल वन्यजन्तु संरक्षण ऐनमा संरक्षित पक्षीको सूचीमा सूचीकृत छ । नेपालमा यो पक्षी समुद्री सतहबाट एक हजार चार सय मिटरदेखि तीन हजार छ सय मिटरसम्मको भू-भागमा पाइने अनुसन्धानकर्ता चोखालले बताउनुभयो । नेपालमा करिब एक हजारको सङ्ख्यामा रहेको यो पक्षी म्याग्दीमा मात्रै ५० देखि ६० सम्म भएको अनुमान गरिएको छ । नेपाल, भारत र पाकिस्तानमा मात्रै पाइने यो चरा झट्ट हेर्दा कालिजको पोथी जस्तै देखिए पनि कालिज र चिर कालिजमा धेरै भिन्नता रहेको चोखालको भनाइ छ । यो कालिजको भालेको पुच्छर लामो, आँखाको रङ रातो, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ । यसले विशेषगरी चैतदेखि जेठसम्म मात्रै फुल पार्ने र बच्चा कोरल्ने गरेको अनुसन्धानकर्ता चोखालले बताउनुभयो । बिहान सूर्योदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुई पटक मात्र चिरचिर गरेर कराउने चिर कालिजको मुख्य विशेषता हो । उहाँका अनुसार यो पक्षी मुख्यगरी मध्यपहाडको माथिल्लो भेगका जङ्गल नभएको खुल्ला भीर, खरबारी र अलिअलि झाडी भएको ठाउँमा पाइने गर्छ । भीरमा नै बासस्थान बनाउने यो पक्षीले एक पटकमा सात देखि १५ सम्म फुल पार्ने गर्दछ । चिर कालिज अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर म्याग्दी, बागलुङ र कर्णाली तथा सुदूरपश्चिममा पाइने अनुसन्धानबाट खुल्न आएको छ । म्याग्दीमा यो पक्षी कालीगण्डकी, म्याग्दी नदी र रघुगङ्गाको तटीय क्षेत्रमा पनि पाइएको तर पछिल्लो समय चिर कालिजको सङ्ख्या घट्दै गएको अनुसन्धानकर्ता चोखालले बताउनुभयो । "वन कार्यालयले स्थानीय समुदायको सहभागीतामा चिर संरक्षण कार्यक्रम ल्याउन पर्छ", चोखालले भन्नुभयो ।

अवैध चोरी शिकारी, आगलागी, बासस्थानको ह्रास र जनचेतनाको अभावका कारण यो पक्षी लोपोन्मुख अवस्थामा पुगेको छ । उहाँले समुदायबीच सचेतना कार्यक्रम, चोरी शिकारी नियन्त्रण, बासस्थानको संरक्षण तथा बासस्थानबीचको बाटो निर्माणका साथै थप अनुसन्धान गरे यो पक्षीको संरक्षण गर्न सहज हुने उहाँले बताउनुभयो । उहाँका अनुसार पर्यापर्यटनको विकास जैविक विविधताको संरक्षण र लोपोन्मुख आनुवांशिक जन्तुको संरक्षणका लागि पनि चिर कालिजको संरक्षण गर्नु आवश्यक छ ।

# विश्वकर्मा समाज महिला समितिको तीजको दरखाने कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा., २५ भदौं



विश्वकर्मा समाज महिला समिति पर्वत, स्याङ्जा, कास्कीको आयोजनामा हरितालिका तीजको अवसरमा शुभकामना आदानप्रदान तथा दरखाने कार्यक्रम एवं उत्कृष्ट महिलाहरुलाइ सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेशका सांसद डिलमाया विश्वकर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत स्त्रीरोग विशेषज्ञ डा.मनु विश्वकर्मा, मिस सुनार विश्वकर्मा सिजन २ का विजेता दिपिका सेन्चुरीलाई सम्मान गरिएको थियो ।

प्रमुख अतिथि सांसद डिलमाया विश्वकर्माले समाज र यसका सदस्यहरुले गरेको कामहरु असाध्यै सह्रायिन भएको बताउँदै विश्वकर्माहरुको संघर्षको कुरा गर्दा बागलुङका भगत सर्वजितले सघर्ष शुरु २००६ सालमा नै शुरु गर्नुभएको र मानव मर्यादाका लागि उहाँले गरेको संघर्ष अतुलनीय भएको बताउनुभयो । उहाँले यस समाजले समुदायलाई एकढिका बनाई अगाडि बढाउनका लागि हर तरहले सहयोग गर्न तयार रहेको बताउभुभयो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं सल्लाहकार श्रवण कुमार विश्वकर्माले समाजमा रहेका विकृति विसंगति हटाउने समाजले नै हो, चेतनमूलक कार्यक्रम गर्ने, सीपमूलक र आयमूलक कार्यइहरु गर्दाले समयको सदुपयोग हुने बताउँदै आर्थिक आर्जन, घरचलाउन सजिलो हुने र समाजमा एकप्रकारको शान्ति हुने बताउनुभयो । कुनै अप्ठ्यारो पर्दा हामी शान्ति सुरक्षा प्रदान गर्न लागिपर्ने बताउनुभयो । प्राध्यापक कृष्ण विश्वकर्माले हरेक कुराको अन्धकार मेटाउने शिक्षा नै भएको र अधिकार दिलाउने संघर्ष नै हो भन्नुभयो । अधिकार स्थापनाका लागि समाजले सबै विश्वकर्माहरुलाई संगठित गरी स्वयं आफू धारिलो बन्नुपर्ने बताउनुभयो । स्याङ्जाली सम्पर्क समाजका अध्यक्ष तारा गौतमले समाजका गतिविधिहरु राम्रा रहेका र आगामी दिनमा सबैलाई संगठित गरी सशक्त बन्न आग्रह गर्नुभयो । उक्त अवसरमा समाजसेवी तिलक गौतम, पोखरा महानगर कार्यपालिका सदस्य निर्मल दियाली, वडा नं. १४ का महिला सदस्य तनुजा थापा सिके, १० का सदस्य सुनिमाया नेपाली, ८ का सदस्य लक्ष्मी सुनार लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा समाज मुल समितिका अध्यक्ष चन्द्रकिशोर गौतमले विश्वकर्मा समाज स्थापनाको उद्देश्यमाथि प्रकाश पार्दै विश्वकर्मा समुदायको लागि कृयाशील र सशक्त रुपमा आवाज बुलन्द गर्ने समाजको आवश्यकता देखिएको हुँदा पहिलो चरणमा पर्वत, स्याङ्जा र कास्की जिल्लालाई समेटेर समाज निर्माण गरेको बताउनुभयो । उहाँले हरेक क्षेत्रबाट हामीहरु कमजोर भएकोले अरुले फाइदा उठाएको बताउँदै समुदाय सधै पीडित भएकोले अबका दिनमा महिला, युवा, विद्यार्थी, प्राध्यापक, शिक्षक, उद्योगी, व्यवसायी, भूपू कर्मचारी सबैलाई यस समाजमा जुटाएर संगठत भई नीति नियम बनाई राज्यका हरेक तहमा दवावमूलक कार्यक्रम गर्ने र हाम्रा हक अधिकार सुनिश्चित गर्न दवाव दिने बताउनुभयो । उहाँले तालिम, प्रशिक्षण शिक्षा दिई राज्यका हरेक तहमा पुऱ्याउन योजनाबद्ध ढंगले लाग्ने, देशमा मात्रै होइन विदेशमा रहेका विश्वकर्माहरुलाई समेटेर उहाँहरुको ज्ञान, सीपलाई नेपालमा सदुपयोग गरी हरेक विश्वकर्मालाईस्वरोजगारबनाउने योजना रहेको बताउनुभयो ।

वर्तमानमा समाजले विरामी सहायता नीति बनाई यस समुदायका सदस्यहरु बिरामी हुँदा समाजको तर्फबाट ५ हजारदेखि २५ हजारसम्म सहयोग गर्ने, कुनै सदस्यको घरमा मृत्य कार्य पर्दा १० हजार सहयोग प्रदान गर्ने योजना रहेको, घातक रोगीहरुलाई उपचार गर्न सरकार र तिनै तहका सरकार समक्ष स्वास्थ्य सहायताको लागि पहल गरिने र यो समाजलाई समतामूलक बनाइने बताउनुभयो । महिला समिति अध्यक्ष भीममाया गौतमको अध्यक्षतामा भएको कार्यक्रको संचालन सचिव गीता सुनारले गनुभएको थियो भने स्वागत उपाध्यक्ष लक्ष्मी सुनारले गर्नुभएको थियो ।

# पोखरामा यू-२३ एमेच्युर फुटसल कप हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भदौं

पोखरामा असोजको तेस्रो साता पहिलो संस्करणको सिक्स ए साइड यू-२३ एमेच्युर फुटसल प्रतियोगिता हुने भएको छ ।

प्रतिभावान र उदीयमान खेलाडीलाई लक्षित गरी आगामी असोज २३ र २४ गते पोखरामा राजकुमार श्रेष्ठ (रेफ्री) को नेतृत्वमा उक्त प्रतियोगिता आयोजना गर्न लागिएको हो । उनका अनुसार सो प्रतियोगिताको विजेता टिमले शिल्ड, ट्रफी तथा प्रमाणपत्रसहित नगद रु ५० हजार प्राप्त गर्नेछ भने उपविजेता समूहले शिल्ड, ट्रफी तथा प्रमाणपत्रसहित नगद रु २५ हजार हात पार्नेछ ।

यस्तै प्रतियोगिताबाट सर्बोत्कृष्ट हुने खेलाडीलाई ट्रफीसहित २ हजार र उत्कृष्ट गोलरक्षकलाई ट्रफीसहित १५ सय रुपैयाँले पुरस्कृत गरिने छ । श्रेष्ठले नयाँ तथा प्रतिभावान खेलाडीलाई उत्पादनमा सघाउ पुर्याउने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको बताए ।

उनका अनुसार हस्पिटलचोकस्थित पैयुम फुटसलमा हुने प्रतियोगितामा सहभागिता जनाउनका लागि दर्ता शुल्क ४ हजार निर्धारण गरिएको छ । सो प्रतियोगितामा ए, बि, सी डिभिजन फुटबल र फुटसल लिग खेलेका यू-२३ खेलाडीहरुपनि सहभागिता जनाउन पाउने छैनन् ।